Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

**Swiss Agency for Development and Cooperation SDC**
**स्वीस सरकार विकास सहयोग एसडीसी**

# युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी)

**(Quality Technical and Vocational Education and Training for Youth (QualiTY) Project)**

## परियोजना

## कार्यक्रम कार्यान्वयन मार्गदर्शन/वार्षिक कार्ययोजना (आ.व.२०८१/२०८२)

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

Technical Support
swisscontact

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी)

**(Quality Technical and Vocational Education and Training for Youth (QualiTY) Project)**

# परियोजना

## कार्यक्रम कार्यान्वयन मार्गदर्शन/वार्षिक कार्ययोजना (आ.व.२०८१/२०८२)

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

Technical Support
swisscontact

# विषय सूची

संक्षिप्त शब्दावली: ........ 2

परियोजनाको भूमिका र पृष्ठभूमी ........ 3

परियोजनाको लक्ष्य र परिणाम ........ 3

परियोजनाका क्रियाकलापहरु ........ 4

कार्यक्रम कार्यान्वयन योजना ........ 5

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## संक्षिप्त शब्दावली:

| | |
|---|---|
| MoEST | : Ministry of Education, Science and Technology |
| CTEVT | : Council for Technical Education and Vocational Training |
| MoSD | : Ministry of Social Development |
| CS | : Communication Strategy |
| GESI | : Gender Equality and Social Inclusion |
| QualiTY | : Quality Technical and Education Vocational and Training for Youth |
| OJT | : On the Job Training |
| PCIU-F | : Project Coordination and Implementation Unit in the Federal |
| PCIU-P | : Project Coordination and Implementation Unit in the Province |
| PSC | : Project Steering Committee |
| PPSC | : Provincial Project Steering Committee |
| PPSU | : Provincial Project Support Unit |
| SIP | : School Improvement Plan |
| TVET | : Technical and Vocational Education and Training |
| TSSP | : TVET Sector Strategic Plan |
| YPO | : Yearly Plan of Operation |



लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## परियोजनाको भूमिका र पृष्ठभूमी

नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training) प्रणालीलाई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने एउटा महत्वपूर्ण माध्यमका रुपमा स्वीकार गरेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका निम्ति विगत लामो समयदेखि विभिन्न प्रयासहरु भएका छन् ।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, शंसोधन (२०७८) अनुसार सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार भित्र परेका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र अन्तर्गत कार्य गर्ने गरी सन् २०२२ अगष्ट ३ मा नेपाल सरकार र स्वीस सरकार बीच भएको दुई पक्षीय सम्झौता अनुसार **युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना** (Quality Technical and Vocational Education and Training for Youth (QualiTY) Project) को परियोजना दस्तावेजका आधारमा प्रदेश स्तरमा आ.व. २०८१/०८२ का कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यो वार्षिक कार्ययोजना तयार गरिएको छ । आ.व. ८१/८२ मा लुम्बिनी प्रदेशमा युवाहरुका लागि गुणस्तरीय प्राबिधिक तथा ब्यवसयीक शिक्षा र तालिम (QualiTY) परियोजना सम्बन्धमा सरोकारवालालाई जानकारी गराउने र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै क्रमिक रुपमा यस परियोजनाको कार्यान्वयन गर्नु यसको उद्देश्य रहेको छ।

यस परियोजनाको पहिलो चरण सन् २०२२ को सेप्टेम्बर १ वाट सुरु भई सन् २०२६को जुलाई १५ मा सम्पन्न हुनेछ । यो परियोजनाका कार्यक्रमहरु संघीय स्तरमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) ले कार्यान्वयन गर्नेछन भने प्रदेश सरकारको तर्फबाट सामाजिक विकास मन्त्रालयद्वारा स्थानीय तह संगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिने छ। यस परियोजनाबाट सुविधा विहिन समूह सहितका नेपाली युवाहरु गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम साथै राम्रो रोजगारीवाट लाभान्वित हुनेछन ।

परियोजनालाई स्वीस सरकार विकास सहयोगको (SDC) तर्फबाट स्वीस कन्ट्याक्ट (Swisscontact) ले प्राविधिक सहयोग प्रदान गरेको छ।

## परियोजनाको लक्ष्य र परिणाम

यस परियोजनामा एउटा लक्ष्य र तीन (३) वटा परिणाम राखिएको छ ।

**लक्ष्य:** नेपाली युवाहरु विशेष गरी सुविधा बिहिन समूहका युवाहरु गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम र त्यसबाट सिर्जना हुने रोजगारी बाट लाभान्वित हुनेछन् ।

**परिणाम १:** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय द्वारा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका प्रष्ट नीति तथा मापदण्डहरु तयार पारिने छन् ।

**परिणाम २:** प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको कार्यालयले स्तर निर्धारण प्रक्रिया लागू गर्दछ र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुको व्यवस्थापन गर्न स्थानीय सरकारहरूसँग सहकार्य गर्दछ।

**परिणाम ३:** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुले गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरूमा खास गरी विपन्न वर्गका युवाहरूको भर्ना दर साथै अध्ययनमा टिकाउ दर बृद्धि हुनेछ।

नोट: माथिका ३ वटा अपेक्षित परिणामहरु मध्ये परिणाम २ र ३ का कार्यक्रमहरु प्रदेश सरकारबाट कार्यान्वयन हुनेछन् भने परिणाम १ अनुसारका कार्यक्रमहरु संघीय सरकारबाट कार्यान्वयन हुनेछन्।



लुम्बिनी प्रदेश सरकार

## परियोजनाका क्रियाकलापहरु

यस परियोजनाका आर्थिक बर्ष २०८१-०८२ मा संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरु निम्नानुसार छन्।

१. टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य गर्ने
२. मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारिहरुको लागी क्षमता अभिबृद्धि कार्यक्रम
३. प्रादेशिक टीएसएसपी लगायत कार्यान्वयन कार्ययोजना तयारी र सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने
४. परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन गर्ने
५. टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण गर्ने
६. टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण गर्ने
७. प्रशिक्षक क्षमता अभिवृद्धि सहयोग गर्न तालिमहरु संचालन गर्ने
८. प्रादेशिक टिभेट प्रोफाइल निर्माण, अभिमुखीकरण र प्रबोधिकरण गर्ने
९. परियोजना कार्यन्वयन समिति सञ्चालन (PICs) गर्ने
१०. शिक्षालय सुधार योजना समिक्षा तथा अद्यावधि गर्ने
११. शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग गर्ने
१२. छनौट गरिएका शिक्षण संस्थाहरुलाई GESI, Green TVET र संचार रणनीति तयार गर्न सहजीकरण गर्ने
१३. नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग गर्ने
१४. छनोट भएका टिभेट शिक्षण संस्था हरुका लागि आइ सि टि सामग्री ब्यबस्थापन ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## कार्यक्रम कार्यान्वयन योजना

### १. आ. ब. २०८१ -२०८२ सञ्चालन हुने कार्यक्रमहरु :

२.१.१ टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य गर्ने ।

| **PLMBIS CODE** | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.118 | २२५२२ | **2.7.8.269** | १ | पटक | २ लाख | दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले देशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रको १० बर्षीय रणनीतिक योजना (TSSP) तयार गरी स्वीकृत गरिसकेको छ भने (TVET) क्षेत्रको विकेन्द्रीकरणको लागि प्रदेश स्तरमा टिभेट कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ ।<br>चालु आ.व.मा तयारीको क्रममा रहेको टिभेट कार्यालय स्थापना गर्नको लागि प्रारम्भिक कार्य गरि तयारी गर्नुपर्ने अवस्था रहेको छ । |
| उदेश्य | प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य गर्ने योजना निर्माणका लागि आवश्यक पर्ने तयारी गरि प्रष्ट योजना मस्यौदा तयारीको कार्य गर्ने । |
| अपेक्षित उपलव्धि | प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि खाका सहितको योजना तयार भएको हुनेछ । |
| संचालन प्रक्रिया | • प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि PICC-P बैठक बसी छलफल गर्ने<br>• प्रादेशिक टिभेट कार्यालय स्थापनाको लागि सरोकारवाला पक्ष संग छलफल गर्ने<br>• संघीय तहको CTEVT को अध्ययन गर्ने ।<br>• संघीय तहबाट टिभेट ऐनको आधारमा तयारि गर्ने ।<br>• यो शीर्षकमा बिनियोजन भएको बजेट उल्लेखित कार्यका लागि स्वीकृति गराई खर्च गर्ने ।<br>• प्रादेशिक टिभेट कार्यालय स्थापना गर्ने र कामको जिम्मेवरी तोक्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PICC-P |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | प्रादेशिक TVET कार्यालय स्थापनाको कार्ययोजना । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.१.२ मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारिहरुको लागी क्षमता अभिबृद्धि कार्यक्रम ।

| PLMBIS CODE | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.211 | २२५२२ | 2.7.8.280 | १ | पटक | ५ लाख | तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपालको संघीय संरचनामा प्रदेश तहका तथा स्थानीय सरकारका टिभेट क्षेत्रमा काम गर्ने कर्मचारीहरुमा स्थानिय तहको भूमिका महत्वपूर्ण छ। तसर्थ क्वालिटी परियोजनाको कार्यान्वयनका लागि परियोजनासँग सम्बन्धित मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा शिक्षालयका प्राचार्यहरूलाई समग्र TVET का गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरु साथै क्वालिटी परियोजना सम्बन्धमा जानकारी गराउनु पर्दछ।परियोजनाको कार्यान्वयन गर्नका लागि क्षमता विकास गर्नुपर्ने भएकोले अभिमुखीकरण गरी क्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ। |
| उदेश्य | सामाजिक बिकास मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा शिक्षालयका प्राचार्यहरुलाई TVET सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्नु। |
| अपेक्षित उपलव्धि | मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा शिक्षालयका प्राचार्यहरुलाई कार्यसम्पादनमा सुधार, प्रभावकारी सेवा प्रवाह, प्रविधिको उपयोग, पारदर्शिता, समन्वय वृद्धि, सामाजिक समावेशीकरण, व्यावसायिक विकास, समस्याको समाधान क्षमता, र नवप्रवर्तनको प्रवर्द्धन हुनेछ \| |
| संचालन प्रक्रिया | • प्रादेशिक PICC-P बैठक बसी छलफल गर्ने सहभागी छनौटका आधार तयार गर्ने<br>• छनौटका आधारमा प्राथमिकता निर्धारण गर्ने<br>• तालीम र कार्यशालाका कार्यक्रमहरुको योजना गर्ने ।<br>• स्रोत र सामग्री व्यवस्थापन व्यवस्थापन गर्ने ।<br>• GESI, Greenery Institution तथा संचार जस्ता बिषयबस्तु समेटी तालिम वा गोष्ठी संचालन गर्ने |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PICC-P |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | कार्यक्रमा संचालन पछि बैठकहरुको उपस्थितिको अभिलेख तथा प्रतिवेदन तयार गर्ने । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

### २.१.३ प्रादेशिक टीएसएसपी लगायत कार्यान्वयन कार्ययोजना तयारी र सरोकारवालाहरूलाई अभिमुखीकरण ।

| | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु. | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.210 | 22522 | 2.7.8.284 | १ | पटक | ६ लाख | दोश्रो र तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले देशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रको १० वर्षीय रणनीतिक योजना २०२३ देखि २०३२ सम्म (TSSP) तयार गरी स्वीकृत गरिसकेको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रको प्रादेशिक रणनीतिक योजना (TSSP) तयार गर्न आवश्यक रहेको छ। यसले प्राविधिक जनशक्ति उत्पादनमा वृद्धि, रोजगारीको अवसर सुधार, र आर्थिक विकासमा योगदान पुऱ्याउने लक्ष्य राख्छ । संघको (टीएसएसपी) यसको लागि सहायकको काम गर्नेछ । |
| उदेश्य | प्रादेशिक स्तरमा TVET को पहुँच र गुणस्तर सुधार गर्नु। । |
| अपेक्षित उपलब्धि | TSSP को आधारमा प्रादेशिक TVET रणनीतिको प्रारम्भिक मस्यौदा तयार भएको साथै TSSP कार्यान्वयनको कार्य योजना तयार भएको हुनेछ। |
| संचालन प्रक्रिया | • TVET क्षेत्रको प्रादेशिक रणनीतिक योजना (TSSP) मस्यौदा तयार गर्नको लागि समिति गठन गर्ने<br>• संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको TVET रणनैतिक योजना अध्ययन गर्ने<br>• संघीय तहबाट छनोट गरेको परामर्श दाताले दिएको TVET क्षेत्रको प्रादेशिक रणनीतिक योजना ढाँचा/मार्गदर्शनको आधारमा अघि बढाउने<br>• प्रादेशिक TVET रणनैतिक योजना सम्बधी विभिन्न सरोकारवालाहरू समेतसंग छलफल तथा अन्तरक्रिया गर्ने<br>• कार्यक्रम संचालन योजना अनुसार अभिमुखीकरण गर्ने<br>• प्रादेशिक TVET रणनैतिक योजनाको मस्यौदा तयार गरी PPSC बैठकबाट निर्णय गर्ने |
| मुख्य जिम्मेवारी | **PCIU-P, PPSU, PICC-P** |
| बजेट बाँडफाट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | **प्रादेशिक टीएसएसपी लगायत कार्यान्वयन कार्ययोजना बैठकहरुको उपस्थितिको अभिलेख ।** |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.१.४. परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.212 | २२५२२ | 2.7.8.249 | ९ | पटक | ४ लाख | निरन्तर |

| | |
|---|---|
| पृष्ठभूमि | नेपाल सरकार र स्वीस सरकारको दुई पक्षीय सम्झौताबाट TVET क्षेत्रमा सञ्चालन हुने क्वालिटी परियोजना (QualiTY Project) को दस्तावेजमा विभिन्न समितिहरुको व्यवस्था गरिएको छ।माननीय मन्त्रीज्यूको अध्यक्षतामा PPSC, सचिवज्युको अध्यक्षतामा PICC-P, महाशाखा प्रमुखको संयोजकत्वमा PCIU-P रहने व्यवस्था छ। कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयनको चरणमा उक्त समितिहरुको बैठक व्यवस्थापन गरी आवश्यक निर्णयहरु गराउनु पर्ने हुन्छ । |
| उदेश्य | क्वालिटी परियोजना अन्तर्गतका TVET कार्यक्रमहरुको योजना तर्जुमा गरि उक्त कार्यक्रमहरु कार्यान्वयनका लागि निर्णयहरु गर्ने विभिन्न समितिहरुको बैठक संचालन तथा व्यवस्थापन गर्नु । |
| अपेक्षित उपलब्धि | आवश्यकता अनुसार बिभिन्न समितिहरुको बैठक संचालन भइ प्रभावकारी रुपमा कार्यान्वयन भएका हुनेछ । |
| संचालन प्रक्रिया | • PCIU-P बाट विभिन्न वैठकहरुका लागि छलफलका बुंदाहरु तयार गर्ने ।<br>• वैठकहरुका लागि सम्बन्धित समिति तथा उप-समितिका सदस्यहरुलाई आमन्त्रण गर्ने।<br>• वैठकको स्थान तथा अन्य व्यवस्थापकीय कार्य गर्ने ।<br>• वैठक संचालन गरी माईन्युट तयार गर्ने ।<br>• यो शीर्षकमा बिनियोजन भएको बजेट उल्लेखित कार्यका लागि स्वीकृति गराई खर्च गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | विभिन्न वैठकहरुका हाजिरी,फोटा,निर्णय तथा माईन्युटहरू । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.२.१ टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.199 | २२५२२ | 2.7.8.283 | २ | पटक | ८ लाख | दोश्रो र तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | प्रादेशिक TVET संस्थाहरूको सुदृढीकरण र क्षमता अभिवृद्धिका लागि अध्ययन र अवलोकन भ्रमणको आयोजना महत्वपूर्ण मानिन्छ। विभिन्न प्रदेशहरूमा रहेका सफल TVET संस्थाहरूको अध्ययन र अवलोकनबाट नयाँ ज्ञान, प्रविधि, र विधिहरूको अन्वेषण गरिन्छ, जसलाई आफ्नै प्रदेशमा लागू गरी सुधार र नवप्रवर्तन गर्न सकिन्छ । QualiTY परियोजना मुख्य काममध्ये राष्ट्रिय मापदण्डको आधारमा प्रदेशका TVET शिक्षण संस्थाहरुमा स्तर निर्धारण प्रकृया लागु गर्ने हो । त्यसकारण सबै सरोकारवालाहरुले स्तर निर्धारण प्रकृयाको आधारभूत विषय र यसको बुझाईको दयारा बढाउन पनि टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको छ। |
| उदेश्य | विभिन्न प्रदेशहरूको TVET सम्बन्धी उत्कृष्ट अभ्यासहरू पहिचान गर्ने र अध्ययन भ्रमणमा सहभागीहरूको ज्ञान र सीप अभिवृद्धि गर्नु । |
| अपेक्षित उपलब्धि | नवीनतम प्रविधि र विधिहरूको ज्ञान र शिक्षण गुणस्तरमा सुधार। |
| संचालन प्रक्रिया | • अन्य प्रदेशबाट स्तर निर्धारण प्रकृयामा उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको पहिचान गर्ने ।<br>• उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको सुची तयार गर्ने ।<br>• अवलोकन भ्रमण का लागि सहभागी छनौट गर्ने ।<br>• उत्कृष्ट अभ्यास गरेका TVET शिक्षण संस्थाहरूको भ्रमण गर्ने ।<br>• TVET शिक्षण संस्थाहरूको व्यवस्थापन र कर्मचारीहरूसँग छलफल र अन्तरक्रिया गर्ने ।<br>भ्रमण प्रतिबेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | भ्रमणमा सहभागीहरूको संख्यात्मक विवरण र सो क्षेत्रको तस्विरहरु । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## २.२.२ टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.200 | २२५२२ | 2.7.8.262 | ३ | पटक | ३ लाख | दोस्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | • प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) शिक्षण संस्थाहरूको गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्न मन्त्रालय तथा परियोजनाको तर्फबाट संयुक्त अनुगमन तथा सुपरिवेक्षण आवश्यक हुन्छ। यसले शिक्षण संस्थाहरूको प्रगति, चुनौतीहरू, र सुधारका अवसरहरूको पहिचान गर्न मद्दत पुऱ्याउँछ। |
| उदेश्य | • **TVET** शिक्षण संस्थाहरूको शैक्षिक, प्रशासनिक, र वित्तीय पक्षहरूको अनुगमन। |
| अपेक्षित उपलब्धि | • शिक्षण संस्थाहरूमा व्यबस्थापन, गुणस्तरीय शिक्षण सिकाई तथा तालिमको सुनिश्चितता। |
| सञ्चालन प्रक्रिया | • कार्ययोजना तर्जुमा गर्ने ।<br>• अनुगमनको लागि टोलि तथा सूचकहरू तयार गर्ने ।<br>• अनुगमन गर्नुपर्ने शिक्षण संस्था र कार्यक्रम निर्धारण गर्ने ।<br>• अनुगमन र प्रतिवेदन तयार गर्ने ।<br>• पृष्ठपोषण उपलब्ध गराउने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | अनुगमन प्रतिवेदनको संख्या तथा हाजिरी। |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

### २.२.३ प्रशिक्षक क्षमता अभिवृद्धि सहयोग

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.219 | २२५२२ | 2.7.8.250 | ४ | पटक | १ लाख | दोश्रो र तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि | परियोजना सहयोग इकाई (PSU) ले सरकारलाई प्रशिक्षकहरूको दक्षता मापदण्डहरू निर्माण गर्न, प्रशिक्षकहरूको प्रशिक्षण अनुमति- पत्र प्रक्रिया स्थापना गर्न र व्यावसायिक प्रशिक्षकहरूको योग्यता ढाँचा विकास गर्न सहयोग गर्दछ। परियोजनाले पहिलो चरणमा ११०० प्रशिक्षकहरुलाई प्रशिक्षण प्रदान गर्ने उद्देश्य लिएको छ।TVET शिक्षण संस्थाहरुलाई गुणस्तर अभिवृद्धि गर्नको लागि अनुमति-पत्र प्राप्त प्रशिक्षकहरुको ठूलो भूमिका रहने भएकोले प्रशिक्षकहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यक्रम समावेश गरिएको छ। |
| उदेश्य | प्रशिक्षकहरुको क्षमता अभिवृद्धि गरि अनुमति-पत्र प्राप्तिको लागि सहयोग गर्नु |
| अपेक्षित उपलव्धि | प्रशिक्षकहरूको शैक्षिक र प्राविधिक दक्षता वृद्धि । |
| संचालन प्रक्रिया | • तालिमको लागि आवश्यकता पहिचान गर्न बैठक बस्ने ।<br>• सहभागी छनोट गर्ने ।<br>• तालिम मा पठाउने ।<br>• तालिमको अनुगमन प्रतिवेदन प्राप्त गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | TVET प्रदायक शिक्षालयहरुमा कार्यरत प्रशिक्षकहरुले क्षमता अभिवृद्धि तालिम प्राप्त गरेको हुनेछ। |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.३.१. प्रादेशिक टिभेट प्रोफाइल निर्माण, अभिमुखीकरण र प्रबोधिकरण ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.201 | २२५२२ | 2.7.8.257 | ३ | पटक | ८ लाख | दोस्रो र तेश्रो |

| | |
|---|---|
| • पृष्ठभूमि | • TVET प्रोफाइलले कुनै निश्चित क्षेत्र वा प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीको विस्तृत चित्रण प्रदान गर्दछ। यसमा उपलब्ध स्रोतहरू, क्षमता, वर्तमान स्थिति, चुनौतीहरू, र भविष्यका सम्भावनाहरू समेटिन्छन्। यसले नीति निर्माताहरू, योजना कर्ताहरू, र सरोकारवालाहरूलाई प्रभावकारी निर्णय लिन मद्दत गर्दछ।प्रादेशिक TVET प्रोफाइल निर्माण, अभिमुखीकरण, र प्रबोधिकरण प्रक्रिया TVET प्रणालीको व्यवस्थापन, योजना, र कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले गरिन्छ। यसले प्रादेशिक स्तरमा TVET को प्रवृत्ति, आवश्यकताहरू, र संसाधनहरूको व्याख्या गर्दै, गुणस्तरीय शिक्षा र तालिम सुनिश्चित गर्न मद्दत गर्दछ। |
| • उदेश्य | • लुम्बिनी प्रदेशको TVET क्षेत्रको आवश्यकता र क्षमता विश्लेषण गर्नु। |
| • अपेक्षित उपलव्धि | • लुम्बिनी प्रदेशको TVET क्षेत्रको समग्र प्रोफाइल तयार गर्नु। |
| • संचालन प्रक्रिया | • प्रादेशिक TVET Profile विकास समितिको बैठक बसी कार्य योजना तयारी गर्ने<br>• कार्य बिभाजन गरी जिम्मेवोरी तोक्ने ।<br>• TVET Profile विकासको प्राविधिक समितिको बैठक बसी प्रगति को समिक्षा गर्ने ।<br>• TVET Profile development steering समितिको बैठक बसी review, correction गर्ने / गराउने<br>• Review पछी TVET Profile development steering समितिको बैठक बसी final गर्ने ।<br>• सरोकारवालाहरूको उपस्थिमा प्रादेशिक TVET प्रोफाइल अभिमुखीकरण र प्रबोधिकरण गर्ने। |
| • मुख्य जिम्मेवारी | • PCIU-P, PPSU, PICC-P |
| • बजेट बाँडफाँट | • प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने । |
| • प्रगती सूचक | • प्रादेशिक TVET प्रोफाइलको पूर्णता र गुणस्तर तथा अभिमुखीकरण र प्रबोधिकरण कार्यक्रमहरूमा सहभागीहरूको संख्या । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## २.३.२ परियोजना कार्यन्वयन समिति सञ्चालन (PICs)।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.220 | २२५२२ | 2.7.8.279 | ३४ | पटक | ५.१ लाख | दोस्रो र तेस्रो |

| | |
|---|---|
| पृष्ठभूमि | स्थानीय सरकारको प्रमुखको अध्यक्षतामा संचालन हुने परियोजनाहरूको प्रभावकारीता, पारदर्शिता, र समन्वय सुनिश्चित गर्न परियोजना कार्यान्वयन समिति (PIC) गठन परियोजाना संचालन रहेका पालिकामा गरिएको छ । यी समितिहरूले परियोजनाको योजना, कार्यान्वयन, अनुगमन, र मूल्यांकनमा प्रमुख भूमिका निर्वाह गर्छन् । समितिको नियमित बैठकहरूले परियोजनाको प्रगति, समस्याहरू, र समाधानहरू बारेमा छलफल गर्न अवसर प्रदान गर्छ। |
| उदेश्य | परियोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु। |
| अपेक्षित उपलब्धि | परियोजना समयमै र बजेटभित्र पूरा हुनु र परियोजनाको प्रभावकारिता र स्थायित्वमा वृद्धि । |
| संचालन प्रक्रिया | • बैठकको मिति, समय, र स्थान निर्धारण।<br>• बैठकका एजेन्डाहरू तय गर्ने ।<br>• समितिका सदस्यहरूलाई निमन्त्रणा पठाउने ।<br>• आवश्यक कागजात र रिपोर्टहरू तयार गर्ने ।<br>• बैठकको अध्यक्षता र सचिवालयको व्यवस्था गर्ने ।<br>• एजेन्डाहरू अनुसार छलफल र निर्णयहरू गर्ने ।<br>• समस्याहरू पहिचान गर्ने र समाधानका उपायहरू सुझाउने ।<br>• निर्णयहरूको कार्यान्वयनको जिम्मेवारी तोक्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PIC |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | बैठकमा सरोकारवालाहरूको सहभागिता र माईन्युट । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३.१.१ शिक्षालय सुधार योजना समिक्षा तथा अद्यावधि।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.221 | २२५२२ | 2.7.8.258 | १ | पटक | ५ लाख | चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | TVET (प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम) शिक्षालयहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम बनाउनका लागि सुधार योजना निर्माण गरिएको छ । समयसँगै शिक्षा प्रणाली, प्रविधि, र बजारको आवश्यकता परिवर्तन हुने भएकाले सुधार योजनाको विभिन्न सूचक सहितको नियमित समीक्षा र अद्यावधिक आवश्यक हुन्छ। यसले शिक्षालयहरूको शैक्षिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न मद्दत पुर्याउँछ। |
| उदेश्य | TVET प्रदायक शिक्षण संस्थाहरुले निर्माण गरेका School Improvement Plan (SIP) समिक्षा तथा अद्यावधिक गर्ने सहजिकरण गर्ने । |
| अपेक्षित उपलब्धि | TVET शिक्षण संस्थाको SIP अद्यावधिक भएको हुनेछ । |
| संचालन प्रक्रिया | • कार्यशालामा सहभागी गराइने सम्भावित शिक्षालय र प्राचार्यहरुको विवरण तयार गर्ने ।<br>• कार्यशालाको छलफलका बुदाहरु तयार गर्ने ।<br>• कार्यशाला सन्चालनका लागि अन्य व्यवस्थापकीय कार्य गर्ने ।<br>• कार्यशालाको मिति, समय र स्थान तय गर्ने ।<br>• सहभागीहरुलाई आमन्त्रण गर्ने ।<br>• कार्यशाला सञ्चालन गर्ने ।<br>• कार्यक्रम पश्चात समीक्षा र प्रतिवेदन तयार गर्ने । |
| स्मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | छनौट भएका TVET शिक्षण संस्थाहरुबाट अद्यावधिक SIP प्राप्त, कार्यशालाका सहभागीहरुको बिबरण। |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३.१.२ शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.203 | 22522 | 2.7.8.263 | १२ | वटा | ७५ लाख | दोस्रो, तेश्रो,र चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | गत वर्ष Cohort 1 अन्तर्गत छनोट भएकालाई प्राथमिकता सहित १२ वटा TVET (प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम) शिक्षालयहरू छनोट भएका छन् र ति शिक्षालयहरुले तयार पारेर आफ्नो व्यवस्थापना समितिबाट अनुमोदन गरेका छन् । ति सुधार योजना कार्यान्वयन गर्न परियोजनाको तर्फबाट सहयोग प्रदान गर्नुको उद्देश्य शिक्षालयहरूको शैक्षिक गुणस्तर, व्यवस्थापन, र तालिमको प्रभावकारिता वृद्धि गर्नु हो। |
| उद्देश्य | छनोट भएका शिक्षालयहरूको सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नु । |
| अपेक्षित उपलब्धि | शिक्षालयहरूको शैक्षिक र व्यवस्थापकीय सुधार । |
| संचालन प्रक्रिया | • शिक्षालय सुधार योजनाबाट कार्यान्वयन गर्न सक्ने कार्यक्रमहरु प्राथामिकरण गर्ने<br>• मन्त्रालय र शिक्षण संस्थाहरु बिच कार्यक्रमहरु कार्यान्वयनको लागी सम्झौता गर्ने<br>• सुधार योजनामा भएका कार्यक्रमहरु कार्यान्वयन गर्ने<br>• सम्बन्धित शिक्षालयको अनुगमन गर्ने र प्राविधिक सेवा उपलब्ध गराउने<br>• अनुगमन प्रतिववेदन र बील भरपाइको एकिन गरी कामको लागत फरफारक गर्ने |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने । |
| प्रगती सूचक | शिक्षालय सुधार योजनामा छनोट भएका कार्यक्रमहरु सम्पन्न, शिक्षालयको रेकर्ड |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

### ३.२.१ छनौट गरिएका शिक्षण संस्थाहरुलाई GESI, Green TVET र संचार रणनीति तयार गर्न सहजीकरण

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.209 | २२५२२ | 2.7.8.273 | २ | पटक | ४ लाख | दोस्रो |
| पृष्ठभूमि | GESI (Gender Equality and Social Inclusion) र Green TVET (पर्यावरणमैत्री प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम) अवधारणाहरूले समावेशी र दिगो विकासका लागि आवश्यक छन्। यसका साथै, प्रभावकारी संचार रणनीतिले शिक्षण संस्थाहरूको दृश्यता, सहभागिता, र प्रभावकारिता बढाउँछ। यसै सन्दर्भमा, छनोट गरिएका शिक्षण संस्थाहरूलाई यी रणनीतिहरू तयार गर्न सहजीकरण प्रदान गर्नु प्राथमिकता हो। | | | | | |
| उदेश्य | शिक्षण संस्थाहरूलाई GESI, Green TVET, र संचार रणनीति विकासमा सहयोग पुर्याउनु । | | | | | |
| अपेक्षित उपलब्धि | TVET संस्थाहरूमा लैंगिक समानता, सामाजिक समावेशीकरण, र संचार रणनीतिरण तयार भयको हुनेछ । | | | | | |
| संचालन प्रक्रिया | • GESI, Green TVET, र संचार रणनीति शिक्षालय सुधार योजनामा समाबेस गर्न सहजीकरण गर्ने<br>• GESI, Green TVET, र संचार रणनीति सम्बन्धी कार्यशालाहरू आयोजना गर्ने<br>• सहभागी संस्थाहरूलाई आवश्यक ज्ञान र सीप प्रदान गर्ने ।<br>• GESI, Green TVET, र संचार रणनीति शिक्षालयले स्वीकार गरि नियम अनुसार कार्यन्वयन गरेको एकिन गर्ने | | | | | |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU, PICC-P | | | | | |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। | | | | | |
| प्रगती सूचक | रणनिती दस्तावेज। | | | | | |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३.३.२ नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.206 | २२५२२ | 2.7.8.252 | १ | पटक | २० लाख | चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | Quality परियोजना कार्यन्वयन का लागि छनोट गरिएका TVET प्रदायक शिक्षण संस्थाबाट एउटा शिक्षण संस्थालाई नमुना शिक्षालयमा रुपान्तरण गर्न र बेन्चमार्कको रुपमा केन्द्रित गर्न यो कार्यक्रम समावेश गरिएको हो।नमुनाको रुपमा छनोट गरिएको एउटा TVET प्रदायक शिक्षण संस्थाको शिक्षालय सुधार योजना निर्माण गर्नुका साथै प्रभावकारी रुपमा सञ्चालन गर्न आईसीटी सामग्री व्यवस्थापनका लागि सहयोग गरिनेछ। एउटा शिक्षण संस्थालाई आधुनिक प्रविधि मैत्री बनाएर, यसको सिकाईबाट अरु शिक्षण संस्थाहरुलाई पनि आधुनिक प्रविधि मैत्री बनाउने योजना रहेको छ । |
| उदेश्य | नमुना शिक्षण संस्थाहरू छनोट गरी विकास गर्न । |
| अपेक्षित उपलब्धि | उच्च गुणस्तरका नमुना शिक्षण संस्थाहरूको स्थापना |
| संचालन प्रक्रिया | • नमुना शिक्षालय छनौटका मापदण्ड २०८१ तयार गरि स्वीकृत गर्ने र सोहि अनुसारको प्रक्रिया अपनाएर शिक्षालयको छनोट गर्ने<br>• छनौट गरिएको नमुना शिक्षालयसँग समन्वय गर्ने<br>• नमुना शिक्षालय, मन्त्रालय सम्झौता गर्ने<br>• छनोट भएको संस्थालाइ रकम निकाशा गर्ने<br>• सार्वजनिक खरिद ऐन अनुसार सामग्री खरिद एवम् व्यवस्थापन गर्ने।<br>• नमुना शिक्षालयको अनुगमन गर्ने र अनुगमन प्रतिबेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | नमुना शिक्षण सस्थाको छनोट भइ कार्यक्रम कार्यन्वयन भयको हुनेछ । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३.३.३ छनौट भएका टिभेट शिक्षण संस्थाहरुका लागि आईसीटी सामग्री व्यवस्थापन ।

| PLMBIS Code | खर्च शीर्षक नं | क्रियाकलाप नं. | परिमाण | इकाइ | बजेट रु . | त्रैमासिक |
|---|---|---|---|---|---|---|
| 2.7.8.264 | २२५२२ | 2.7.8.264 | १३ | वटा | ३९ लाख | चौथो |

| | |
|---|---|
| पृष्ठभूमि | शिक्षण संस्थाहरूमा सूचना र सञ्चार प्रविधि (ICT) को प्रयोगले शिक्षण विधिहरूलाई आधुनिक बनाउँदै दक्ष जनशक्ति उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्छ। ICT सामग्री व्यवस्थापनले शिक्षण प्रक्रियालाई प्रभावकारी, सहज, र समावेशी बनाउँछ। यस उद्देश्यलाई दृष्टिगत गर्दै १३ वटा चयनित TVET शिक्षण संस्थाहरूमा ICT सामग्री व्यवस्थापनको कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो |
| उदेश्य | TVET शिक्षण संस्थाहरूमा ICT सामग्री व्यवस्थापन प्रणालीको स्थापना र शिक्षण विधिहरूमा प्रविधिको समावेशीकरण । |
| अपेक्षित उपलव्धि | शिक्षण संस्थाहरूमा ICT सामग्री व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन र शिक्षण विधिमा प्रविधिको प्रयोगमा वृद्धि। |
| संचालन प्रक्रिया | • PCIU-P को बैठक बसी शिक्षण संस्थाहरुका लागि आईसीटी सामग्री व्यवस्थापनको बारेमा छलफल गर्ने ।<br>• यस परियोजना अन्तर्गत दोहोरो सुविधा नपर्ने गरि संस्था छनोटका मापदण्ड तयार गरि १३ वटा शिक्षण संस्थाहरुलाई छनौट गर्ने<br>• छनौट गरिएको शिक्षण संस्थाहरुसँग समन्वय गर्ने ।<br>• छनौट गरिएको शिक्षण संस्थाहरुको आवश्यकता पहिचान गर्ने ।<br>• शिक्षण संस्थाहरु र मंत्रालय बिच सम्झौता गर्ने ।<br>• सार्वजनिक खरिद ऐन अनुसार सामग्री खरिद एवम् व्यवस्थापन गर्ने<br>• शिक्षण संस्थाहरुको अनुगमन गर्ने र अनुगमन प्रतिबेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रगती सूचक | आईसीटी सामग्री व्यवस्थापनको अभिलेख । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३.३.१ टिभेट शिक्षण संस्था व्यवस्थापन सफ्टवेयर खरिद

| PLMBIS Code | खर्च शीर्षक | परिणाम | इकाइ | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| - | २२५२२ | १३ | वटा | - | पहिलो |

| | |
|---|---|
| पृष्ठभूमि | TVET शिक्षण संस्थाहरुको प्रशासनिक प्रकृयालाई सुव्यवस्थित गर्न, डाटा व्यवस्थापनमा सुधार गर्न विभिन्न सामग्रीहरुको आवश्यक हुन्छ।सो कार्यक्रमको सफल कार्यान्वयन सुनिश्चित गर्न सफ्टवेयरको खरिद र समग्र व्यवस्थापनमा अभिवृद्धि गर्न संघीय स्तरमा परियोजना सहयोग इकाई (PSU-F), प्रादेशिक स्तरमा परियोजना सहयोग इकाई (PPSU),र परियोजना समन्वय तथा कार्यान्वयन इकाई (PCIU) सम्मिलित समन्वयात्मक प्रयासमा सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| उद्देश्य | प्रशासनिक प्रक्रियालाई सुव्यवस्थित गर्ने,डाटा व्यवस्थापनमा सुधार गर्ने र आधुनिक प्रविधिको प्रयोग गरेर व्यवस्थापन गर्ने। |
| संचालन प्रक्रिया | • १३ वटा शिक्षण संस्थाहरुलाई छनौट गर्ने ।<br>• छनौट गरिएको शिक्षण संस्थाहरुसँग समन्वय गर्ने ।<br>• टिभेट शिक्षण संस्था व्यवस्थापन सफ्टवेयर संचालन गर्न तालिम र सहजिकरण गर्ने ।<br>• अनुगमन प्रतिवेदन तयार गर्ने । |
| मुख्य जिम्मेवारी | PCIU-P, PPSU |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन / नियमानुसार बजेट खर्च गर्नुपर्ने। |
| प्रतिवेदन प्रणाली | प्रतिवेदन तयार गरी सचिव समक्ष पेश गर्ने । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## क्वालिटी परियोजना (युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परियोजना)

## सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश

## विनियोजित बजेट २०८१-८२

### कम्पोनेन्ट: ४४८

| परिणाम | मुख्य कार्यक्रम | इकाई | परिमाण | दर | सामाजिक विकास मन्त्रालय नगद अनुदान (३१) |
|---|---|---|---|---|---|
| नतिजा २ | प्रदेश प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम कार्यालयहरुले स्थानीय सरकार संग समन्वयगरी स्तर निर्धारण प्रकृया कार्यान्वयन गर्ने छन् | | | | |
| परिणाम २.१ | सामाजिक बिकास मन्त्रालयले प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम कार्यालय स्थापना गरी सो को क्षमता अभिबृद्धि गर्नेछ | | | | |
| २.१.१ | टिभेट कार्यालय स्थापनाको लागि प्रारम्भिक कार्य | संख्या | 1 | 200 | 200 |
| २.१.२ | मन्त्रालय तथा स्थानीय तहमा कार्यरत कर्मचारिहरुको लागी क्षमता अभिबृद्धि कार्यक्रम | पटक | 1 | 500 | 500 |
| २.१.३ | प्रादेशिक टीएसएसपी लगायत कार्यान्वयन कार्ययोजना तयारी र सरोकारवालाहरूलाई अभिमुखीकरण | पटक | 1 | 600 | 600 |
| २.१.४ | परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन | पटक | 9 | 40 | 360 |
| | **परिणाम २.१ को जम्मा रकम** | | | | **1,660** |
| परिणाम २.२ | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम कार्यालयले सि.टी.ई.भी.टी.को तर्फवाट प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरुको स्तर निर्धारण प्रकृया तयार गर्ने छन् | | | | |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.१ | टिभेट शिक्षण संस्थाहरुमा तथा अन्य प्रदेशमा अध्ययन र अवलोकन भ्रमण | पटक | 2 | 400 | 800 |
| २.२.२ | टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण | पटक | 3 | 100 | 300 |
| २.२.३ | प्रशिक्षक क्षमता अभिवृद्धि सहयोग | पटक | 4 | 20 | 80 |
| | परिणाम २.२ को जम्मा रकम | | | | 1,180 |
| परिणाम २.३ | सामाजिक बिकास मन्त्रालयले स्थानीय सरकार संग समन्वयगरी सम्बन्धित शिक्षण संस्थाहरुलाई अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने छ | | | | |
| २.३.१ | प्रादेशिक टिभेट प्रोफाइल निर्माण, अभिमुखीकरण र प्रबोधिकरण | पटक | 3 | 250 | 750 |
| २.३.२ | परियोजना कार्यन्वयन समिति सन्चालन (PICs) | पटक | 34 | 15 | 510 |
| | परिणाम २.३ को जम्मा रकम | | | | 1,260 |
| | नतिजा २ को जम्मा रकम | | | | 4,100 |
| नतिजा ३ | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुमा प्रशिक्षार्थि भर्ना (खास गरी बिपन्न बर्गका) बढ्ने छ र टिकाउदर बृद्धि हुने छ | | | | |
| परिणाम ३.१ | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुका प्राचार्यहरुले शिक्षण संस्था सुधार योजना तर्जुमा गर्ने सम्बन्धमा अभिमुखीकरण गरिएको हुनेछ | | | | |
| ३.१.१ | शिक्षालय सुधार योजना समिक्षा तथा अद्यावधि | पटक | 1 | 500 | 500 |
| ३.१.२ | शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग | वटा | 12 | 625 | 7,500 |
| | परिणाम ३.१ को जम्मा रकम | | | | 8,000 |
| परिणाम ३.२ | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुमा छात्रबृत्ति को नीति तथा सन्चार रणनीति लागु गरिएको हुनेछ | | | | |
| ३.२.१ | छनौट गरिएका शिक्षण संस्थाहरुलाई GESI, Green TVET र संचार रणनीति तयार गर्न सहजीकरण | पटक | 2 | 200 | 400 |
| | परिणाम ३.२ को जम्मा रकम | | | | 400 |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| परिणाम ३.३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुले डिजिटल पूर्वाधार सुधार गरिएको हुनेछ | | | | |
| ३.३.१ | टिभेट शिक्षण संस्था व्यवस्थापन सफ्टवेयर खरिद | संख्या | 13 | | - |
| ३.३.२ | नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग | पटक | 1 | #### | 2,000 |
| ३.३.३ | छनौट भएका टिभेट शिक्षण संस्थाहरुका लागि आईसीटी सामग्री व्यवस्थापन | पटक | 13 | 300 | 3,900 |
| | परिणाम ३.३ को जम्मा रकम | | | | **5,900** |
| | नतिजा ३ को जम्मा रकम | | | | **14,300** |
| | नतिजा २ र ३ को जम्मा रकम | | | | **18,400** |
| | | | | | |
| | कूल रकम (रु. हजारमा) | | | | **18,400** |
| | प्रतिशत (%) | | | | **100%** |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल